# ...................... संस्थाको बिधान =

## २०.........

## प्रस्तावना

.....................................................................................................................................................
.....................................................................................................................................................
.....................................................................................................................................................
..................................................................................................................... गर्ने उद्धेश्यले संस्था दर्ता ऐन २०३४ बमोजिम .........................संस्था नामक गैर सरकारी संस्थाको विधान तर्जूमा गरिएको छ ।

## परिच्छेद १ –
## प्रारम्भ

१. ***संस्थाको नाम*** :- यस संस्थाको नाम ........................ **संस्था** हुनेछ ।

(क) **संस्थाको कार्यालय रहने ठेगाना** : यस संस्थाको कार्यालय ललितपुर जिल्ला, ....... .म.न.पा/न.पा.गा.पा. वडा नं. ...... मा रहनेछ । स्थानीय अधिकारीको स्वीकृत लिई नेपाल राज्य भर शाखा खोल्न सकिनेछ ।

(ख) **संस्थाको कार्यक्षेत्र** :- यस संस्थाको कार्यक्षेत्र .............. जिल्ला भित्र हुनेछ । आवश्यकताअनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्यभित्र संस्थाको कार्य क्षेत्र विस्तार गर्न सकिने छ ।

(ग) **प्रारम्भ** :- यो विधान संस्था दर्ता ऐन, २०३४ बमोजिम स्थानीय अधिकारीबाट स्वीकृति प्राप्त मिति देखि लागु हुने छ ।

(घ) **संस्थाको अस्तित्व** :- यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफामूलक, गैर राजनीतिक तथा गैर सरकारी संस्था हुनेछ । संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने वा संस्थाको चल अचल सम्पत्ति विक्री गर्न सक्ने तथा संस्थाले व्यक्ति सरह नालिस उजुर गर्ने वा संस्थालाई व्यक्ति सरह नालिस उजुर लाग्न सक्नेछ ।

**२. परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क) **"ऐन"** भन्नाले :- संस्था दर्ता ऐन, २०३४ लाई जनाउनेछ ।

(ख) **"विधान"** भन्नाले : ............................................को विधान २०७३ लाई जनाउनेछ

(ग) **"संस्था"** भन्नाले ...............................................लाई जनाउनेछ

(घ) **"समिति"** भन्नाले ............................................ले कुनै काम गर्न वा कुनै उद्देश्य प्राप्त गर्न गठन गरेको समिति वा उपसमिति समेतलाई जनाउँनेछ ।

(ङ) **"साधारण सभा"** भन्नाले यस विधान बमोजिम बसेको सधारण सभा र बिशेष साधारण सभालाई जनाउँनेछ ।

(च) **"पदाधिकारी"** भन्नाले यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई जनाउँनेछ ।

(छ) **"स्थानीय निकाय"** भन्नाले : जिल्ला समन्वय समितिं, म.न.पा., न.पा. र गाउँ पालिकारुलाई जनाउँनेछ ।

(ज) **"स्थानिय अधिकारी"** भन्नाले प्रमुख जिल्ला अधिकारीलाई बुझ्नु पर्दछ ।

(झ) **"बैठक"** भन्नाले : यस बिधान वमोजिम बसेको कार्य समिति, साधारण सभा र विशेष साधारण सभा समेतलाई बुझ्नुपर्नेछ ।

(ञ) **"संस्थापक"** भन्नाले : संस्था दर्ता गर्दा रहेका पदाधिकारी तथा सदस्यहरुलाई जनाउनेछ ।

(ट) **"कार्यालय"** भन्नाले : यस संस्थाको कार्यालयलाई बुझ्नुपर्नेछ ।

(ठ) **"आर्थिक बर्ष"** भन्नाले : हरेक बर्षको श्रावण १ गते देखि अर्को बर्षको असार मसान्त सम्मलाई जनाउनेछ ।

(ड) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

(ढ) यस विधानमा जुनसुकै कुरा उल्लेख भएता पनि प्रचलित कानून, ऐन, नियम, निर्देशिका, कार्यविधीसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**३.संस्थाको छाप र चिन्ह**

(३.१.)संस्थाको चिन्ह र छाप अनुसूचि १ बमोजिमको हुनेछ ।

संस्थाको छाप र चिन्ह पूर्व दर्ता भएका संस्था सँग मेलखान गएमा संशोधन प्रकृयाद्वारा तुरुन्त संशोधन गरिनेछ

**(३.२) प्रतिवद्धता**

यस संस्थाको कुनै क्रियाकलापले नेपाल राष्ट्र तथा कुनै विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय संघ, संस्था एवं संगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको बर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

## परिच्छेद-२
## उद्धेश्य

**४. संस्थाको उद्धेश्यहरु** :- नेपाल सरकारबाट लागू गरिएका ऐन नियम, नीति, निर्देशन समेतलाई पालना गर्ने गरी यस संस्थाको उद्धेश्य देहाय वमोजिम हुनेछ :-

(१) यो संस्था मुनाफा रहित जनहितकारी, गैर राजनीतिक, गैर सरकारी विशुद्ध सामाजिक संस्था हुनेछ ।

(२)

(३)

(४)

(५)

(६)

**५. माथि उल्लेखित उद्धेश्य प्राप्तिको लागि देहायका कार्यहरु गरिनेछ ।**

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट इजाजत वा अनुमति लिएर मात्र आफ्ना उद्देश्य कार्यान्वयन गर्नेछ ।

(ख) संस्था सञ्चालनका लागि चाहिने भौतिक सामाग्री जस्तै भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सम्बन्धी सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) नेपाल सरकारको प्रचलित कानूनको अधीनमा रही स्थापना भै सञ्चालनमा रहेका समान उद्देश्य भएका गैरसरकारी संघ संस्था, नेपाल सरकार, स्थानीय निकाय समेत सँग समन्वय कायम गरी संस्थाको बृहत्तर हितका लागि काम गर्ने ।

(घ) संस्थाको नाममा प्राप्त हुने रकम संस्थाको नाममा बैंकमा खाता खोली सञ्चालन गर्ने ।

(ङ) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गरी तिनीहरुको सेवा, शर्त, सुविधा तोक्ने ।

(च) संस्थाले उद्धेश्य अनुरुपका कार्य गर्दा कानुन वमोजिम लिनु पर्ने निकायको स्विकृति लिएर मात्र गर्नेछ ।

## परिच्छेद-३
## सदस्यता

**६. सदस्यताको वर्गीकरण :-**

**यस संस्थामा देहाय बमोजिम चार प्रकारका सदस्यहरु रहने छन :-**

**(क) साधारण सदस्य** : यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकिया अन्तर्गत रही आवेदन गर्ने व्यक्ति संस्थाको साधारण सदस्य हुनेछन् ।

**(ख) संस्थापक सदस्यः–** संस्था स्थापनाको समयमा तदर्थ समितिमा रहेका सदस्यहरु संस्थापक सदस्य हुने छन । यस्ता सदस्यले बार्षिक रुपमा सदस्यता नबिकरण गराउनुपर्नेछ ।

(ग) **मानार्थ सदस्यः**- संस्थाको उद्धेश्यमा आस्था राखी संस्थालाई सहयोग प्रदान गर्ने विशिष्ट व्यक्ति संस्थाको मानार्थ सदस्य बन्न सक्नेछन ।

(घ) **सल्लाहकार** : संस्थाका पूर्व पदाधिकारी तथा विशिष्ट व्यक्तित्वहरुलाई सल्लाहकारमा राख्न सकिनेछ ।

(ङ) **आजिवन सदस्य** : समाजलाई बिशेष योगदान गर्ने व्यक्तिलाई आजिवन सदस्य दिन सकिनेछ ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :-**

(क) १६ बर्ष उमेर पूरा गरेको, नेपाली नागरिक भएको ।

(ख) संस्थाले निर्दिष्ट गरेको उद्धेश्य प्राप्तिको लागि प्रतिवद्ध भएको ।

(ग) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।

(घ) सार्बजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

(ङ) मानसिक सन्तुलन नविग्रेको ।

(च) तोकिएको सदस्यता शुल्क नियमित बुझाएको ।

**८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था** :-

देहायको कुनै व्यक्ति संस्थाको सदस्य बन्न सक्ने छैन :-

(क) मृत्यु भएमा,

(ख) मगज विग्रेको वा वौलाएको,

(ग) दामासाहीमा परेको,

(घ) चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

(ङ) साधारण सदस्य नरहने गरि राजीनामा दिएमा ।

(च) सदस्यता नविकरण नगरेमा ।

(छ) १६ वर्ष उमेर नपुगेको तथा गैर नेपाली नागरिक प्रमाणित भएमा ।

**९. सदस्यताको समाप्तिः-**

(१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।

(क) दफा ८ बमोजिमको अवस्था विद्यमान रहेमा,

(ख) साधारण सभावाट दुई तिहाईको वहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) सदस्यता शुल्क बुझाउन बाँकी भएमा,

(च) संस्था विघटन वा खारेज भएमा,

(छ) मृत्यु भएमा,

(ज) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,

(२) कुनै व्यक्तिलाई संस्थाको सदस्यमा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सवुद पेश गर्ने मौका दिनुपर्नेछ ।

**१०. सदस्यता शुल्क, नबीकरण र सदस्यता प्रदान गर्ने बिधिः-**

(१) यस बिधानको दफा ६ बमोजिमका सदस्यहरुले देहाय बमोजिमको शुल्क तिरी सदस्यता प्राप्त गर्न तथा नबिकरण गर्न सक्नेछन ।

(क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु........।– बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नु पर्नेछ । जसलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गरिने छ । साधारण सदस्यले बार्षिक शुल्क रु ........... बुझाई नबीकरण गर्न सकिने छ ।

(ख) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यले नियमानुसार सदस्यता नबीकरण गाराउनु पर्नेछ ।

(ग) संस्थामा एकमुष्ट रु..............।- बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिने छ । यस्ता सदस्यले सदस्यता नबीकरण गराउनु पर्ने छैन ।

(घ) साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी तथा प्रतिष्ठित व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिने छ । तर यस्तो सदस्यलाई मताधिकार हुने छैन ।

(२) साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक बर्षको श्रावण महिनाको मसान्त सम्ममा सदस्यता नबीकरण गर्नु पर्नेछ ।

(३) कुनै आवेदकलाई सदस्यता नदिने निर्णय कार्य समितिले गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइने छ ।

(४) संस्थाले प्रदान गरेको सबै सदस्यहरुको अभिलेख तोकिएको ढाचाँमा राखिने छ ।
(५) सबै सदस्यहरुले यस विधान र विधान अर्न्तगत बन्ने नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्ने छ ।

## परिच्छेद-४
## साधारण सभा तथा वैठक सम्बन्धी व्यवस्था

**११. साधारण सभाको गठन तथा बैठक सम्बन्धी व्यवस्थाः-**

**(१)** यस संस्थाको दफा ६ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु सम्मिलित रहेको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रीत हुनेछन । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(२) संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

(क) बार्षिक साधारण सभा :- वर्षको १ पटक साधारण सभा बस्नेछ ।

(ख) बिशेष साधारण सभा :- संख्याको १ चौथाई सदस्यले कारण जनाई विशेष साधारण सभा वोलाउन कार्यसमिति समक्ष लिखित व्यहोरा पेश गरेमा ७ (सात) दिन भित्र कार्य समितिले विशेष साधारण सभा बोलाउन मिति, स्थान र समाय तोक्नु पर्नेछ । तर साधारण सभा र बिशेष साधारण सभा बसेको ६ महिना भित्र पुनः बिशेष साधारण सभा बस्न सक्ने छैन ।

**(३)** यस संस्थाको प्रथम साधारण सभा यो संस्था दर्ता भएको मितिले ६ महिना भित्रमा हुनेछ । त्यस पछिका साधारण सभा प्रत्येक आ.व. समाप्त भएको मितिले २ महिना भित्र बस्नेछ ।

**(४)** यो संस्थाको बार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५दिन अगावै र बिशेष साधारण सभा गर्नको लागि ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै सदस्यहरुलाई अनिवार्य रुपमा सूचना दिईनेछ ।

**(५)** उपदफ (४) बमोजिम बोलाईएको साधारण सभा दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी साधारण सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाउनु पर्नेछ ।

(६) साधारण सभा र विशेष साधारण सभाको निर्णय पुस्तिका छुट्टा छुट्टै राखिनेछ ।

**१२. साधारण सभाको काम कर्तव्य र अधिकार :-**

(१) साधारण सभाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने,

(ख) आगामी आ.ब.का. लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(ग) लेखापरिक्षकले पेश गरेको प्रतिवेदन उपर छलफल गरी पास गर्ने, बेरुजुका सम्बन्धमा, असुल गर्नुपर्ने हकमा असुल र नियमित गर्नुपर्ने हकमा नियमित गर्न कार्यसमितिलाई निर्देशन दिने ।

(घ) संस्थाको बार्षिक कार्यप्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) कार्य समितिको समयावधी समाप्त भै नयाँ कार्य समिति चयन गर्नु पर्ने भएमा संयोजक सहितको निर्वाचन समिति तोक्ने ।

(च) विधान संशोधनको लागि कार्यसमितिबाट निर्णय भै पेश भएमा आवश्यकता र औचित्यताका आधारमा संशोधन, परिमार्जन गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) संस्थाको सर्वोच्च अंगको रुपमा रही कार्यसमितिलाई मार्ग प्रसस्त र निर्देशन गर्ने ।

(झ) संस्थाका लागि आवश्यक कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक, भत्ता सेवा शर्तहरु निर्धारण गर्ने ।

(ञ) आय व्ययको विवरण पास गर्ने र आयका स्रोतहरुको पूर्ण मूल्याङ्कन गर्ने गराउने ।

(ट) सल्लाहकार मनोनयन गरी अनुमोदन गर्ने ।

(ठ) कार्य समितिवाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

## परिच्छेद –५
## कार्य समिति, पदाधिकारीको काम कर्तव्य र अधिकार

**१३. कार्य समितिको गठनः-**

(१) साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहायका पदाधिकारीहरु रहने गरी ११ सदस्यीय कार्य समितिको गठन हुनेछ ।

(क) **अध्यक्ष - ... जना**
(ख) **उपाध्यक्ष - ... जना**
(ग) **सचिव - ....जना**
(घ) **कोषाध्यक्ष - ....जना**
(ङ) **सदस्य - ... जना**

(२) कार्यसमितिको कार्यकाल ३ बर्षको हुनेछ ।

(३) कार्य समितिको वैठक हरेक ३ महिनामा १ पटक बस्नेछ । सो अगावै बैठक बोलाउन आवश्यक ठानेमा अध्यक्षको अनुमतिले सचिवले बैठक वोलाउनु पर्नेछ ।

(४) कार्यसमितिको वैठकको गणपुरक संख्या ५१ प्रतिशत रहनेछ ।

(५) कार्यसमितिको वैठक वोलाउन आवश्यक रहेको भनी कार्य समितिका १ तिहाई पदाधिकारी वा सदस्यहरुले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा ७ दिन भित्र वैठक वोलाउन अध्यक्षले सचिवलाई निर्देशन दिनुपर्नेछ ।

(६) कार्यसमितिको वैठकको अध्यक्षता अध्यक्ष स्वयंले गर्नेछ, निजको अनुपस्थितिमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्नेछ ।

(७) कार्य समितिको निर्णय बहुमतको हुनेछ । मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(८) बार्षिक साधारण सभा हुनु भन्दा अगावै कार्यसमितिमा रहेका कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिले योग्यता पुगेको सदस्यद्धारा पूर्ति गर्न सक्ने छ । यसरी मनोनयन भएको सदस्यको कार्यकाल रिक्त रहेको सम्बन्धित सदस्यको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

(९) कार्यसमितिको बैठकमा छलफल भएका विषयहरु छुट्टै निर्णय किताबमा लेखि राखिने छ । सो निर्णयमा उपस्थित सम्पूर्ण सदस्यहरुले सहि गर्नु पर्नेछ । निर्णयमा असहमति जनाउने सदस्यले कैफियत खोली सही गर्नु पर्ने छ ।

(१०) संस्थाले गर्ने भनेको सम्पूर्ण क्रियाकलाप कार्यसमितिका बहुमत निर्णयवाट हुनेछ ।

(११) माथिको दफा-उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतीलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिनापनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिने छ ।

**१४. कार्य समितिको काम कर्तव्य र अधिकार :-**

**कार्यसमितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) संस्थाको आगामी वार्षको कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।
(ख) विधानको अधिनमा रही साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।
(ग) संस्था संचालनको लागि आवश्यक नियम र विनियम बनाउने र साधारण सभामा अनुमोदनको लागि पेश गर्ने ।
(घ) अन्य संघ संस्था र दातृ निकाय सँग सम्पर्क समन्वय कायम गर्ने ।
(ङ) आवश्यकता अनुसार उप-समिति गठन गर्ने र सो को अधिकार तोक्ने ।
(च) कार्यालय संचालनको लागि आवश्यक निर्देशन दिने ।
(छ) साधारण सभा प्रति उत्तरदायी रहने ।
(ज) उपलब्ध साधन स्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

(झ) संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, स्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

(ञ) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने ।

(ट) संस्थाका कर्मचारीहरुका सेवा सर्त र सुविधा सम्बन्धी नियमावली बनाई साधारण सभावाट स्वीकृत गराई लागु गर्ने ।

(ठं) आवश्यकता अनुसार सल्लाहकार समिति, उपसमिति गठन गर्ने र जिम्मेवारी तोक्ने ।

(ड) सदस्यहरुलाई कामको बाँडफाँड तथा जिम्मेवारी दिने ।

**(१५) पदत्याग गर्न सक्ने :-** अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

**(१६) अन्य समितिहरु** :– यस विधानको परिधी भित्र रहि संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिको आवश्यकतानुसार अन्य समिति वा उपसमिति गठन गर्न सकिनेछ । यसरी गठन भएको अन्य समिति वा उपसमितिहरुको काम कर्तव्य, अधिकार कार्य समितिले तोकिदिए वमोजिम हुनेछ । तर त्यस्ता समिति वा उपसमितिको गठन साधारण सभाबाट अनुमोदन गराउनु पर्दछ ।

## १७. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) कार्यसमिति र सभाको बैठकको अध्यक्षता गर्ने र बैठक संचालन गर्ने,

(ख) निर्णायक मताधिकारको प्रयोग गर्ने,

(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(घ) कार्यसमितिद्वारा भएका निर्णयको कार्यान्वयन गर्ने

(ङ) सम्पूर्ण आय व्ययको रेखदेख र त्यसको प्रमाणित गर्ने,

(च)कार्य समितिले तोकेको कार्य गर्ने ।

(छ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

(ज) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको वाँडफाँड गर्ने ।

(झ) अभिलेख प्रमाणित गर्ने ।

**(२). उपाध्यक्षको काम कर्तव्य र अधिकारः–**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने,

(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने,

(ग) संस्थाको दीर्घकालीन हितका लागि आवश्यक काम गर्ने ।

**(३). सचिवको काम कर्तव्य र अधिकारः–**

(क) संस्थाको कार्यक्रम र कार्यालय सञ्चालन र रेखदेख गर्ने,

(ख) अध्यक्षको निर्देशन अनुसार कार्यसमितिको बैठक बोलाउने,

(ग) कार्य समितिको निर्णयलाई कार्यान्वयन गर्न सहयोग गर्ने

(घ) संस्थाको सम्पत्तिको संरक्षण गर्ने ।

(ङ) सूचनाको आदान प्रदान गर्ने ।

**(४). कोषाध्यक्षको काम कर्तव्य र अधिकार :–**

(क) संस्थाको सम्पतिको संरक्षण गर्ने, लगत राख्ने ।

(ख) आय व्ययको लेखा राख्ने र सो को लेखापरीक्षण गराउने ।

(ग) संस्थाको विधान अनुसार बजेट तयार गर्ने ।

(घं) संस्थाद्धारा संचालित क्रियाकलापहरु अध्यक्षको निर्देशनमा रही निरीक्षण, सुपरीवेक्षण गरी कार्यसमितिमा प्रतिवेदन पेश गर्ने ।

(ङ) खाता खोल्ने र संस्थाको निर्णय अनुसार संचालन गर्ने ।

**(५). सदस्यहरुको काम कर्तव्य र अधिकार**

(क) कार्य समितिले तोकेको काम गर्ने ।

(ख) कार्यसमितिको निर्णयलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ग) कार्यसमितिले दिएको जिम्मेवारी सम्हाल्ने ।

(घ) संस्थाको उद्धेश्य र हितमा रही काम गर्ने ।

(ङ) संस्थाले दिएको जिम्मेवारी पालना गर्ने ।

**१८. गणपुरक संख्या :-**

(क) कुल सदस्य संख्याको ६७ (सतसठ्ठी) प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

(ख) तर दफा ११ को उपदफा (५) वमोजिम पुनः बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ६
## आर्थिक अवस्था

**१९. संस्थाको कोष :–**

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छन ।

(क) सदस्यता शुल्क, नबीकरण वापत प्राप्त रकम र सदस्यताबाट गरिने नियमित बचत ,

(ख) कसैले स्वेच्छाले दिएको अनुदान रकम,

(ग) विभिन्न निकायहरुवाट प्राप्त अनुदान ।

(घ) संस्थाको चलअचल सम्पत्तिको बिक्रीवाट प्राप्त रकम ।

(ङ) बिदेशी संघ/संस्था वा निकायवाट प्राप्त अनुदान, सहयोग रकम ।

(२) विदेशी संघ संस्थाबाट अनुदान सहयोग लिने भए संस्थाले समाज कल्याण ऐन, २०४९ को दफा १६ वमोजिम समाज कल्याण परिषदबाट पूर्व स्वीकृति लिनेछ ।

(३) संस्थामा प्राप्त रकम स्थानीय बैकमा जम्मा गरी बैक खाता संचालन गरिनेछ ।

**२०. खाता संचालन :-**

(१) संस्थाको बैक खाता अध्यक्ष वा सचिव मध्ये १ जना र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरीका :-**

(१) संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम गरिने छ ।

(क) साधारण सभाबाट कार्यक्रम स्वीकृत नगरी कोषको रकम खर्च गरिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न गरिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(घ) सेवा तथा आकस्मिक खर्च गर्नुपर्ने भएमा बढिमा रु.५०००।- नबढ्ने गरि एकपटकमा रु.१०००।- सम्म खर्च गर्न सकिनेछ । तर त्यस्तो खर्च साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२२. संस्थाको लेखा र लेखा परिक्षण :-**

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताव जाँच्न वा जचाउन सक्नेछ ।

(४) लेखा परिक्षकको नियुक्ति बार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारणसभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(५) बार्षिक लेखापरीक्षणको प्रतिबेदन स्थानीय अधिकारी, समाज कल्याण परिषद् र स्थानीय निकायमा समेत पेश गरिनेछ ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**२३. निर्वाचन सम्बन्धी व्यवस्था :-**

**(क)** कार्य समितिको निर्वाचन प्रयोजनको लागि एक निर्वाचन समिति गठन गरिनेछ ।

(ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(ग) निर्वाचन सम्बन्धमा विवाद उत्पन्न भएमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

(घ) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

(ङ) तत्कालको निर्वाचनमा उम्मेदवार नहुने व्यक्तिमात्र निर्वाचन समितिमा रहने छ ।

**२४.उम्मेदबार हुने योग्यता :-**

**(१)** कार्य समितिको उम्मेदवार हुन देहाय वमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

(क) संस्थाको मताधिकार प्राप्त हुने सदस्यता कायम रहेको व्यक्ति ।

**(ख)** विधान दफा ७ मा उल्लेख भए बमोजिम योग्यता भएको ।

**(ग)** नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजायँ पाएको दुई बर्ष नपुगेको ।

**(घ)** **दफा (२४) (क) वमोजिमको** निर्वाचन समितिको सदस्य नभएको ।

**२५.अविश्वासको प्रस्ताव**

(१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारी विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रीत पुऱ्याई संस्थामा दर्ता गर्नुपर्ने छ ।

**(क)** शिष्ट भाषाको प्रयोग गरी लेखिएको हुनु पर्नेछ ।

**(ख)** प्रस्तावको बिषय स्पष्ट र व्यवहारिक हुनुपर्ने छ ।

**(ग)** साधारण सभाको सदस्यहरु मध्येबाट कम्तिमा एक चौथाई सदस्यहरुको नाम, थर र वतन सहित खुलाई सही भएको हुनुपर्नेछ ।

**(घ)** विधान बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट बिषय खुलाई सम्पूर्ण सदस्यहरुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय तोकी विधान बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ ।

(२) **अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :-**

**(क)** साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा अविश्वासको प्रस्ताव पेश गर्न अनुमति दिने छ । प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष पेश गर्ने छ । अध्यक्षका विरुद्धको अविश्वासको प्रस्ताव भएमा उपाध्यक्षले उक्त साधारण सभाको अध्यक्षता गर्नेछ ।

**(ख)** अविश्वासको प्रस्ताव पक्षका सदस्यहरुले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्ने छ ।

**(ग)** अविश्वासको प्रस्ताव जुन पदाधिकारी विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिईनेछ ।

**(३). अविश्वासको प्रस्ताव माथि निर्णय :**

(क) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाईहरु प्रस्तुत गर्ने काम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्ष के मा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई सो प्रस्ताव उपर निर्णयको घोषणा गर्नेछ ।

१. अविश्वास प्रस्तावको पक्षमा मत प्रकट गर्ने पक्षमा एक समूहमा र विपक्षमा मत प्रकट गर्नेलाई अर्को समूहमा छुट्टाएर ।

२. साधारण सभाका सदस्यहरुलाई अविश्वासको पक्ष वा बिपक्षमा गोप्य मतदान गराएर ।

(४) साधारण सभाको कुल सदस्य संख्याको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएपछि त्यस्ता व्यक्तिहरु स्वतः पदमुक्त हुनेछन् ।

(५) निर्वाचन भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्ता व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

**२६. विधान संशोधन :-**

संस्था दर्ता ऐन, २०३४ वा प्रचलित कानून वमोजिम यो विधानको कुनै दफा वा उपदफा संशोधन गर्नु परेमा त्यस्तो संशोधन प्रस्ताव कार्य समितिको कुनै पदाधिकारी, सदस्य वा साधारण सभा सदस्यले कार्यसमिति समक्ष पेश गर्नुपर्नेछ र त्यस्तो प्रस्तावमा कार्य समितिको निर्णयले सहमति जनाएमा साधारण सभा समक्ष पेश गरिनेछ । साधारण सभाको कूल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिश गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

**२७ विनियम बनाउन सक्ने :–** संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो नियम साधारण सभावाट पारित गराई लागु हुनेछ । सोको जानकारी स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

**२८. कर्मचारीको व्यवस्था :-**

(क) संस्थाको दैनिक कार्य संचालन, योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारीको दरबन्दी श्रृजना गर्ने, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीहरुको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यक्रममा विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुर्‍याउने सेवा, त्यसको औचित्य, सुविधा र निजको योग्यता समेतको विवरण सम्बन्धित स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत पेश गरिनेछ र सम्बन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृति प्राप्त गरी मात्र सेवा, सुविधा लिईनेछ ।

**२९. तदर्थ समितिः** यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य सम्पन्न गर्नु पर्नेछ । साधारण सभा बसी कार्य समिति निर्वाचित नभएसम्मको अवधिमा तदर्थ समितिले गरेका कामहरु यस विधान अनुसार भए सरह मानिनेछ ।

**३०. संस्था खारेजी :-**

**(क)** साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

**(ख)** दफा २८को खण्ड (क) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसावकिताब जाँच गर्नका लागि एक वा एकभन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(ग) उक्त बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

(घ) कुनै कारणबाट संस्था खारेज भएमा संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(ङ) संस्थाले प्रचलित ऐन नियम प्रतिकुल कार्य गरेमा संस्था दर्ता गर्ने अधिकारीले संस्थाको खारेजी वा निलम्बन गर्न सक्नेछ ।

**३१. व्याख्याः-** यो बिधान वा विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३२. कार्य समितिका पदाधिकारीहरु र सदस्यहरुले पालना गर्नुपर्ने :-** यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारीहरु वा साधारण सभाका सदस्यहरुको बैठकमा वा साधारण सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाईने छैन ।

**३३. ऐन अनुसार हुने :-** यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाभिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

**३४. निर्देशनको पालना :-** नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३५. विविध :-**

(क) कार्य समिति साधारण सभा प्रति र कार्यसमितिका सदस्यहरु अध्यक्ष प्रति उत्तरदायी हुनेछन ।

(ख) हामी **"..............................."** का निम्न संस्थापकहरु यस विधान वमोजिम कार्य गर्न मञ्जुर भै यस विधानमा सहिछाप गर्दछौं ।

**संस्थापकको नाम, थर, ठेगाना**

| क.सं | पद | नाम थर | ठेगाना | पेशा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | | | | |
| २. | उपाध्यक्ष | | | | |
| ३. | सचिव | | | | |
| ४. | कोषाध्यक्ष | | | | |
| ५. | सदस्य | | | | |
| ६. | सदस्य | | | | |
| ७. | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |

# <u>अनुसूचि –१</u>

**संस्थाको छाप :।**

## अनुसूचि –१

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, ललितपुर ।

हामिले "...................................................... " नामक संस्था दर्ता गर्नको लागि रु १० को टिकट टाँसि संस्थाको बिधान ४ प्रति संलग्न राखी संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता गरी पाउन अनुरोध गर्दछौं ।

१) संस्थाको नाम :- ..........................................................................................

**(२) संस्थाको उद्धेश्यहरु** :- नेपाल सरकारबाट लागु गरिएका ऐन नियम, नीति, निर्देशन समेतलाई पालना गर्ने गरि यस संस्थाको उद्धेश्य देहाय वमोजिम हुनेछ :-

(१) यो संस्था मुनाफा रहित जनहितकारी संस्था हुनेछ ।
(२)
(३)
(४)
(५)
(६)

(३) तदर्थ समितिका सदस्यहरुको नामावली :-

| क्र.सं | पद | नाम थर | ठेगाना | पेशा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | | | | |
| २. | उपाध्यक्ष | | | | |
| ३. | सचिव | | | | |
| ४. | कोषाध्यक्ष | | | | |
| ५. | सदस्य | | | | |
| ६. | सदस्य | | | | |
| ७. | सदस्य | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४) आर्थिक श्रोत :- बैकको व्याजबाट, सदस्य शुल्कबाट र अन्य आर्थिक सहयोगबाट ।

५) संस्थाको कार्यालयको ठेगाना : ............................................................................... मा रहनेछ ।

मिति: २०७४/......../ भवदीय